# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# मष्टा गाउँपालिका
# बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६
च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मष्टा गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं मितिः २०७७।३।२६

श्री अध्यक्षज्यू,
मष्टा गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **मष्टा गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १३ करोड ७ लाख ६३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड २४लाख ७६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४० लाख १८ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ करोड १८ लाख ८७ हजार र रु १ कारोड २३ लाख ८२ हजार पेश्की बाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २३ (तेईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलत: स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# मष्टा गाउँपालिका,बझाङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।०७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी अभ्यास संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउपालिकाको उदेश्य रहेको छ । यस गाउँपालीका अर्न्तगत ७ वडा रहेको छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेकाछन्।

**मष्टा गाउँपालिका**

| | आय तर्फ | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **११५२८४०९.००** | १ | **चालु खर्च** | **२०९६४६५२६.००** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **१३८४६९९३५.००** |
| | ख) बैंक | ११५२८४०९.०० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | **४१९४४४७९.१५** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ११९२७६६.०० | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड संघ | ४०७५१७१३.१५ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ०० | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | **२४१०५१०००.००** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ९३३०००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १३०३४९०००.०० | | अन्य लगानी | |
| | ग) समपुरक अनुदान | १७४०२०००.०० | ५ | **समपुरक अनुदान** | |
| | घ) विशेष अनुदान | ०० | ६ | **धरौटी फिर्ता** | **१३९३५८४.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१९७०४५८२.५७** | ७ | **कोष खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६७७५०००.०० | ८ | **मौज्दात** | **८०६११२२.६६** |
| | ख) सशर्त अनुदान | ७५०००००.०० | | क) नगद मौज्दात | ०० |
| | ग) समपूरक अनुदान | ४२९५८२.५७ | | ख) बैंक मौज्दात | १२११९३२२.५७ |
| | घ) प्रदेश समपुरक कोष | ५००००००.०० | | ग) धरौटी मौज्दात | ६००१६०.९४ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०० | | घ) फिर्ता गर्न वाकि | १५६७६८९३.५ |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ०० | | ङ) हिसाव मिलान हुन बाँकी | (२०३३५२५४.३५) |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | **३०५२०००.००** | | | |
| ८ | **जनसहभागिता (नगद)** | ०० | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ०० | | | |
| १० | **धर्रौटी आय** | **१९९३७४४.९४** | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध आय (जेष्ठ नागरीक अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमता विकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर र शिक्षा निर्देशनालय)** | **३८२९६९५२.००** | | | |
| | **जम्मा** | **३५७५७११६७.६६** | | **जम्मा** | **३५७५७११६७.६६** |

:

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१.</td><td>वजेट पेश गर्ने तथा पारित गर्ने: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण २०७५/३/११ मा सभामा पेश गरि २०७५/३/२९ मा गाउँसभाबाट पारीत गरेको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>लेखा स्रेस्ता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पारदर्शी छ भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>३.</td><td>वित्तीय विवरण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा ११ अनुसार जिम्मेवार व्यक्तीले प्रत्येक कारोवार स्पष्ट देखिने गरी प्रचलित कानुनले तोके वमोजिमको रित पुराई वित्तीय विवरण तयार गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले वित्तीय समानीकरण तर्फको एकमुष्ट खर्चको फाटवारी तयार गरेको, चालु तर्फको शशर्त लगायतको विभिन्न शिर्षकको एउटै नम्वर राखी भौचर उठाएको तर फाइल खडा गर्दा विच विचका भौचर निकाली छुट्टा छुट्टै फाइल खडा गरेको,वैक नगदी किताबमा निकासा लगायत पेश्की रकम समेत पोष्टिङ्ग गर्न छुटाएकोले यस गाउँपालिकाले तयार गरेको वित्तीय विवरणले कारोवारको यर्थाथता चित्रण गरेको सम्वन्धमा विश्वस्त हुने आधार देखिएन । तसर्थ सो सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>संचितकोष : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्नेमा गरेको छैन् । असार मसान्तमा चालु खातामा रु.३२,९९,४७८/८८ र पुँजिगत खातामा रु.४५,७२८/७१ समेत जम्मा रु. ३३,४५,२०७५९ खर्च नभई वचत रहेकोमा आषढ मसान्तमा मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गरीसक्नु पर्नेमा २०७६/६/७ मा मात्र सो वमोजिम ट्रान्सफर गरी खाता शुन्य गरेको छ । गाउँपालिकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>कोष फिर्ता : आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३३ मा आर्थिक वर्षभित्र खर्च नभई वाँकी रहन आएको रकम संचित कोष फिर्ता गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले आर्थिक वर्षको अन्त्यमा वचत रहेको शशर्त अनुदान तर्फको निम्नानुसारको रकम संघिय एवं प्रदेश संचित कोषमा फिर्ता दाखिला गर्नु पर्ने देखिएको रु.</td><td>१,५६,७६,८९३/५०</td></tr>
<tr><td></td><td><table>
<tr><th>विषय/निकाय</th><th>निकासा</th><th>खर्च</th><th>वचत</th></tr>
<tr><td>सशर्त अनूदान</td><td>१३०३४९०००</td><td>१२७००१००६.५०</td><td>३३४७९९३.५०</td></tr>
<tr><td>संघीय समपुरक कोष</td><td>१७४०२०००</td><td>१००७३१००</td><td>७३२८९००.००</td></tr>
<tr><td>प्रदेश समपुरक कोष</td><td>५००००००</td><td>०</td><td>५००००००.००</td></tr>
<tr><td>जम्मा</td><td>१५२७५१०००.००</td><td>१३७०७४१०६.५०</td><td>१५६७६८९३.५</td></tr>
</table></td><td></td></tr>
<tr><td>६.</td><td>बजेट भन्दा बढी खर्च : आर्थिक कार्यविधि ऐन तथा नियमावली अनुसार बजेट खर्च गर्दा जुन शिर्षकमा विनियोजन भएको छ सोही शिर्षकको अधिनमा गरी खर्च गर्नु पर्ने र नपुग हुने भएमा अधिकार प्राप्त अधिकारी वाट स्वीकृति लिई रकमान्तर गरी खर्च गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालीकाले निम्न शिर्षकमा स्वीकृत बजेट भन्दा वढी खर्च गरेको छ । यसरी वढी खर्च गर्नु पर्ने आधार स्पष्ट नभएको रु ९४,६४,१६४।८५ अनियमित देखिएको रु</td><td>९४,६४,१६४.८५</td></tr>
</table>

| ब.उ.शि.नं. | निकासा रकम | खर्च रकम | वढी खर्च |
|---|---|---|---|
| जेष्ठ नागरीक दीर्घ सेवा सम्मान र सामाजिक सूरक्षा कार्यक्रम | ३१२२१६०० | ३७७००००० | ६४७८४०० |
| प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५००० | ५५५५०० | २५०५०० |
| संघको राजस्व वाँडफाड | ४१९४४४७९.१५ | ४४६७९७४४ | २७३५२६४.८५ |
| **जम्मा** | **७३४७१०७९.१५** | **८२९३५२४४** | **९४६४१६४.८५** |

| | | |
|---|---|---|
| ७. | **कर दाखिला वाँकी :** आयकर ऐन २०५८ को दफा ९० अनुसार कट्टी भएको कर रकम २५ दिन भित्र राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो आ.व.मा विभिन्न व्यक्ति एवं समिति तथा सप्लायर्सहरु वाट कट्टा गरेको कर दाखिला गरेको छैन । कर दाखिला वाँकीको समेत यथार्त अभिलेख नराखेको वैक नगदी किताबमा समेत पूर्णरुपमा पोष्टिङ नगरेकोले यकिन गर्न सकिएन । तसर्थ कर दाखिला सम्वन्धमा थप छानविन गरी कर असूल एवं दाखिला गर्नु पर्दछ । | |
| ८. | **कोषको हिसाव पेश नभएको :** कार्यालयले पेश गरेको आर्थिक विवरणमा विभिद कोष तर्फको आय भनि रु ३०,५२,०००। उल्लेख गरेकोमा कुन/कुन कोषमा के / कति आम्दानी भएको यकिन हुने गरी आर्थिक विरण पेश गरेको छैन । साथै यो वर्ष कोषतर्फ खर्च गरेको नदेखिएको र सोको मौजदात विवरण र वैंक व्यालेन्स सर्टिफिकेट समेत पेश नभएकोले कोषको आम्दानी/खर्च मौज्दात सम्वन्धमा छानविन गरी यकनि गर्नु पर्ने देखिएको रु. | ३०,५२,०००/- |
| ९. | **आर्थिक विवरण भिडान नभएको :-** गाउँपालीकाले पेश गरेको आय/व्यय विवरण अनुसार रु २,०३,३५,२५४।३५ फरक परेको देखिएको छ । यसरी फरक परेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण पेश नभएकोले यकिन गरी हिसाव मिलान गर्नु पर्ने देखिएको रु. | २,०३,३५,२५४/३५ |
| १०. | **लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको सो नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको छैन । | |
| ११. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा परीक्षण हुंदा गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्दै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| १२. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| १३. | **आन्तरिक आम्दानी र दाखिला :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ | |

| | | |
|---|---|---|
| | ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । तथा आर्थिक कार्यविधि नियमावली २०६४को नियम९(२) अनुसार कार्यालयले नगदी रसिद मार्फत दैनिक रुपमा प्राप्त गर्ने राजस्व आम्दानी ढिलोमा ७ दिनभित्र वैंक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले रसिद नियन्त्रण खाता राखेको छैन । वडामा वितरण गरेको रसिद ठेली लेखापरीक्षण अबधिसम्म गाउँपालीकामा फिर्ता नभएकोले लेखापरीक्षणमा पेश हुन सकेन । जसवाट कुन वडाबाट के कती राजस्व उठ्नु पर्ने हो कति उठयो र कति बाँकि छ ,सो यकिन हुन सकेन।साथै प्राप्त राजस्व तोकिएको समयमा वैंक दाखिला गरे नगरेको समेत यकिन हुन सकिएन । कार्यालयले विभिन्न स्रोत बाट प्रप्त आय वैंकमा जम्मा भए पश्चात वैंक स्टेटमेन्ट र भौचरको आधारमा गोश्वरा भौचर उठाई आम्दानी जनाउने गरेको छ । आर्थिक विवरण अनुसार गाउँपालीकाले आन्तरीक कर दस्तुर गरी रु. ११,९२,७६६/-आम्दानी गरेको छ । प्राप्त रकम मूल खातामा सिधै जम्मा भएको राजस्वको हकमा वेनामी भौचर उठाईआम्दानी जनाएको कारण आन्तरिक आम्दानीको वास्तविक आवस्था यकिन गर्न सकिएन । तसर्थ कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानी रकमको असुली यर्थाथता यकिन गरी सवै आम्दानी रकम दैनिक रुपमा वैंक दाखिला गर्नु पर्दछ । | |
| १४. | **मौज्दात घटी सारेको :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम फ्रिज नहुने शिर्षक तर्फको रकम वर्षान्तमा भौज्दात रहेमा आगामी वर्षमा जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ । महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७५ अनुसार यस गाउँपालीकाको अन्तिम मौज्दात रु १,६८,७३,०८१।-देखाएकोमा गाउँपालिकाले यो  वर्ष गत वर्षको मौज्दात अ.ल्या. गर्दा रु १,१५,२८,४०९।- मात्र जिम्मेवारी सारेको देखिएकोले रु ५३,४४,६७२।- ले मौज्दात फरक परेको देखियो । यसरी रु ५३,४४,६७२।-घटी जिम्मेवारी सारेको देखिंएकोले मौज्दातको वास्तविकता यकिन गर्न सकिएन । तसर्थ सो सम्वन्धमा छानविन गरी सम्वन्धित व्यक्तीलाई जिम्मेवार वनाई यर्थाथता यकिन गरी घटी अ.ल्या. गरेको देखिएमा असुल गरी दाखिला गर्नु पर्ने रु. | ५३,४४,६७२/- |
| १५. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन ।  साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा सो समेत गरेको देखिएन । सामाजिक सुरक्षा पाउने नागरीकको लागि यस वर्ष रु ३,१२,२१,६००/- निकासा लिई रु.३,७७,००,०००/-खर्च भएको देखिन्छ । बढी खर्च भएको रकम रु.६४,७८,४००/- स्थानीय संचित कोषवाट खर्च व्यहोरेको छ ।<br>सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निर्देशिकाको प्रावधान पूर्ण रुपमा पालना नगरेको र MIS उपलव्ध हुन नसक्दा Online verification गर्न सकिएन । नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणाली मार्फत वितरण गर्न जोड दिएकोमा सो वमोजिम नगरी कार्यालयले यो वर्ष सम्पूर्ण रकम  भर्पाई प्रणालीबाट भुक्तानी गरेको देखियो । यसरी वैकिङ्ग प्रणाली अवलम्वन नगर्दा भत्ता वितरणमा दोहोरो पर्ने ,सम्वन्धित लाभग्राहीले रकम प्राप्त गर्न नपाउने,सो रकमको दुरुपयोग हुने लगायतको समस्या सृजना हुने देखिन्छ । तसर्थ सो सम्वन्धमा गाउँपालिकाले ध्यान दिनु पर्दछ । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| १६. | **: चालु खर्च र आन्तरीक आम्दानिविच तुलना :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु.११,९२,७६६।-रहेको देखिन्छ भने । गाउँपालीकाको चालु खर्च रु.४,१९,४४,४७९/१५ रहेको छ,जसमध्ये पदाधिकारी वैठक भत्तामा रु.९,७०,८२५ ,अनुगमन मुल्याङ्कनमा रु.१५,००,०००/- र भ्रमण भत्तामा रु.३,९१,५५५/- समेत रु.२८,६२,३८०/- खर्च लेखेको छ ।  यसरी आन्तरिक आय र चालु खर्च वीचको अनुपात १:३५.१६ रहेको छ। भ्रमण भत्ता र वैठक भत्ताको तुलनामा आन्तरीक आम्दानी २.३९९ गुणा कम छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकामा संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलतापूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु | |

पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दै सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ । साथै आन्तरीक आम्दानी वढाउने र सञ्चालन(चालु) खर्च घटाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१७. **सार्बजनिक निर्माणतर्फ :**सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था भएकोमा यस गाउँपालिका मार्फत भएको सार्वजनिक निर्माणको कार्य सो वमोजिम भए /गरेको नदेखिएको व्यहोरा विभिन्न दफा हरुमा उल्लेख गरिएको छ ।

१. सडकको नयाँ तथा पुराननो ठाउँमा माटो कटानको लागत र नापी किताव तथा मुल्याङ्कनमा माटोको वर्गीकरण को आधार खुलाएको छैन जसले गर्द यथार्थ कामको मुल्याङ्कन तथा भुक्तानी भयो भन्न सकिएन ।

२. सडकको लागत अनुमान र नापी कितावमा चेनेजको सुरु प्वाइन्ट उल्लेख नगरेकोले कुन कुन स्थानमा कार्य गरेको हो खुलेन स्थलगत रुपमा केही योजना परीक्षण गर्दा सडकमा समेत चेनेज नलेखेकोले सबै कामको विगत र यस चालु वर्षमा समेत दोहोरो भुक्तानी हुन सक्ने देखियो । सडकको Structureहरुको पनि चेनेज उल्लेख नगरेकोले कुन कुन स्थानमा काम भयो एकिन गर्न सकिएन ।

३. सडकमा माटो कटान गर्दाSection तथा Cross Section Drawingसमावेश गरेको छैन जस्ले गर्दा नापी कितावले देखाएको परीमाण यथार्थ हो भन्न सकिएन ।

४. Rate Analysisगर्दाStone Collection र Transportation को Item मा Haulage Distanceयथार्थ राखेको पाइएन, सबै स्थानमाMannualदेखाएको छ । जस्ले गर्दा दररेट वढी हुन जाने देखियो ।

१८. **कार्य सम्पन्न नभई नाँपि कितावमा चढाएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ । निम्नानुसारको योजनाहरुको कार्य सम्पन्न नगरी नापि किताव,मुल्याङ्कन तयार गरी भुक्तानी भएको पाइएकोले सम्वन्धितलाई जिम्मेवारी वनाई असूल गर्नु पर्ने रु. २५,३४,२१४/८४

| योजनाको नाम | काम नगरेको विवरण | काम नगरेको परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| नौरा वर्थिङ्ग सेन्टर | pcc for rcc M20 slab | १६.८० | | |
| | first floor beam | ९.२३ | | |
| | **total** | **२६.०३** | **२९८८७.०८** | **७७७९६०.६९** |
| | Re-bar | ३०७२ | १३४.१० | ४११९५५.२ |
| | form work | १९५ | २२६५.५४ | ४४१७८०.३ |
| | plastering work 1:4 | ५०९.२५ | ७९४.०४ | ४०४३६४.८७ |
| | plastering work 1:3 | १९६.५४ | ५७७.१० | ११३४२३.२३४ |
| | shuttering work | १९.२४ | ६०७२.२१ | ११६८२९.३२०४ |
| | punning work | ६९१.४५ | ४७.७७ | ३३०३०.५६६५ |

| | | | | |
|---|---|---|---|---|
| | Enamel painting | २७.३२ | २२६५.५४ | ६१८९४.५५२८ |
| | **total** | | | **१५८३२७८.०५** |
| भवानि निमावी मा.वि २ | double coat showerm painting work | २०८.७८ | ४०७.५४ | ८५०८६.२० |
| | white work painting work | १०६.८१ | ४०७.५४ | ४३५२९.३४ |
| | enamel paint door & window | २६.९५ | २७० | ७२७६.५० |
| | **total** | | | **१३५८९२.०४** |
| भवानि नि.मा.वि भवन १ | Ebamel painting | ४०.६३ | २७० | १०९७०.१ |
| | White work painting work | २४५.३१ | १०६.४५ | २६११५.१५ |
| | **Total** | | | **३७०८४.०६** |
| | **कुल जम्मा :** | | | **२५,३४,२१४/८४** |

१९. **नौरा वर्थिङ सेन्टर को भवन निर्माण** : यस भवन निर्माण सम्पन्न र सोको भुक्तानी सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।

१९.१ **ड्इङ्ग डिजाइन पेशनभएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा भवनको ड्इङ्ग डिजाइन पेश गरेको छैन । जसले क्वान्टिटि भेरिफिकेसन गर्न सकिएन । दर विश्लेषण गर्दा विस्तृत रुपमा ढुवानी देखाएको छैन जस्ले गर्दा लागत अनुमानको यथार्थता यकिन गर्न सकिएन ।

१९.२ **लागत अनुमानमा परिमाण वढी देखाएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १० अनुसार निर्माण कार्यकोस्वीकृत नर्मस एवं कार्यको डिजाइन ड्रईङ्ग को यर्थाथता यकिन गरी सोही वमोजिम वास्तविक परिमाणको आधारमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले उपरोक्त वमोजिमको भवनको लागत अनुमान तयार गर्दा वास्तविक क्वान्टिटि भन्दा धेरै देखाएकोले लागत अनुमान वढेको र सोही वमोजिम भुक्तानी भएकोले निम्नानुसार वढी परिमाणको वढी भुक्तानी हुन गएको देखिएकोले असुल गर्नु पर्ने रु. ५,१७,४८०/४३

| कामको विवरण | देखएको परिमाण | हुनु पर्ने परिमाण | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|
| Earth work excavation | ६६५.४१ | ६५३.५८ | ११.८३ | ३७०.८ | ४३८६.५६ |
| stone soling | ३०.७६ | २६.४८ | ४.२८ | ३७२६.९५ | १५९५१.३४ |
| pcc for rcc 1:1:5:3 | | | | | २०३३७.९ |
| sill beam | 87.80x0.30x0.30=7.9 | 87.80x0.30x0.075=1.975 | ५.९२५ | | |
| intenmided band | 71x0.30x0.30=8.78 | 71x0.3x0.15=3.195 | ५.५८५ | | |
| lintel band | 97.56x0.3 | 97.56x0.3 | ६.५८५ | | |

<table>
<tr><td></td><td><table>
<tr><td></td><td>0x0.30=8.78</td><td>0x0.075=2.195</td><td></td><td></td><td></td></tr>
<tr><td>total</td><td></td><td></td><td>१५.७०५</td><td>२९८८७.०८</td><td>४६९३७६.५९</td></tr>
<tr><td>125 thickplaster</td><td>196.54</td><td>168.05</td><td>२८१४९</td><td>७९४.०४</td><td>२२६२२.१९</td></tr>
<tr><td>panning work 1:1</td><td>169.08</td><td>140.54</td><td>२८.५४</td><td>२०१.४०</td><td>५१४३.७५</td></tr>
<tr><td>total</td><td></td><td>555439.23</td><td></td><td></td><td>५१७४८०.४३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.</td><td>भाते खोला उच्च माध्यमिक भवन :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(६) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा ड्रईङ अनुसार भए नभएको प्राविधिक रुपमा पुष्टि गर्नु पर्ने व्यवस्था छ । भाते खोला उच्च माध्यमिक भवनको ड्इङ्ग अनुसार क्वान्टिटि मिलेको नदेखिएको र  दर विश्लेषण समेत नगरी कार्य गरेको पाईएकोले उक्त कार्य एवं भुक्तानी सम्वन्धमा यर्थाथता यकिन गर्न सकिएन तसर्थ सो सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>नापिकिताव यर्थाथ नभएको : सार्वजनिक खरिद नियमावली २०६४को  नियम १२३ (१)अनुसार सार्वजनिक निकायले निर्माण कार्यको रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी दिंदा संझौताको शर्त अनुसार भएको कामको यर्थाथ रुपमा प्राविधिक नाँपजाँच गराई वास्तविक कार्य मुल्यांकन अनुसार नापि किताव तयार गरी सोही वमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । उकाली तीनगाउ हुदै नौरा गन्जी सडक भिमढुङ्गा वडका मालिका सडकको कार्य गर्दा क्वान्टिटि र दर विश्लेषण समावेश नगरेको ,सेतकोट धुरीतला सडकमा Earth calculation Sheet मा लागत अनुमान र नापी किताव उस्तै देखिएकोले उक्त कार्यको नांपजाँच एवं भुक्तानी सम्वन्धमा यर्थाथता यकिन गर्न सकिएन तसर्थ सो सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>प्राविधिक नाँपजाँच नभएको : सार्वजनिक खरिद नियमावली २०६४को  नियम १२३ (१)अनुसार निर्माण कामको प्राविधिक मुल्यांकन  एवं यर्थाथ नाँपजाँचको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले निम्नानुसारको योजनामा नियमको उक्त व्यवस्था वमोजिम प्राविधिक मुल्यांकन वेगर सामाग्रि हरुको खरिद मुल्यको विलको आधारमा नापी,किताव राखेको पाइयो । यसरी प्राविधिक मूल्याङ्कन वेगर खर्च लेखेकोले कार्यको यर्थाथता यकिन गर्न नसकिएकोले यस्तो खर्च अनियमित देखिएको रु.</td><td>२६,४४,५५४/-</td></tr>
<tr><td></td><td><table>
<tr><th>योजनाको नाम</th><th>रकम</th></tr>
<tr><td>घचाय सनाडा सडक</td><td>७८३१९४</td></tr>
<tr><td>डंग्रीभवानी लेकी खौला कोटेदेवल खनाडा सडक</td><td>१८६१३६०</td></tr>
<tr><td>जम्मा</td><td>२६,४४,५५४/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.</td><td>Floor hight को परिमाण वढी देखाएको : सार्वजनिक खरिद नियमावली २०६४को  नियम १२३ (१)अनुसार  निर्माण कामको प्राविधिक मुल्यांकन  एवं यर्थाथ नाँपजाँचको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । भवानी मा.वि.को भवन निर्माण कार्यको गत र यस वर्ष भएको कार्यको मुल्यांकन गरी भुक्तानी दिएकोमा गतवर्ष भएको Stone masonary in Super Structure मा Floor hight अनुसार २.५ मिटर उचाई दिनु पर्नेमा ४.८६ मिटर उचाई दिएकोले २.३६ मिटर वढी उचाई दिएको आधारमा हुने जम्मा वढी भुक्तानी भएको २६.६९ घ.मि को प्रति घ.मी.रु २९,९२,१७०।- को दरले हुने  रु ७९,८७५।१६ वढी मुल्यांकन भएको रकममा  १५ प्रतिशत उपभोक्ता योगदान रु ११,९८१।२८ कट्टा गरी वाँकी रु ६७,८९३/८८ असूल गर्नु पर्ने रु.</td><td>६७,८९३/८८</td></tr>
<tr><td>२४.</td><td>नापी किताव पेश नभएको : सार्वजनिक खरिद नियमावली २०६४को  नियम १२३ (१)ख अनुसार  निर्माण कामको प्राविधिक मुल्यांकन  एवं नाँपजाँचको आधारमा नापिकिताव तयार गर्नु पर्ने व्यवस्था गरेको छ । मष्टा मन्दिर सामुदायिक भवन योजनाको निर्माण कार्य उपभोक्ता समिति मार्फत गरेकोमा उक्त कार्य गतवर्ष पनि गरेकोमा के  के कार्य गतवर्ष भयो सोको</td><td></td></tr>
</table>

नापी किताव पेश नभएकोले यो वर्ष भएको कार्यको याथार्थता यकिन गर्न सकिएन ।साथै यस वर्ष नापी गर्दा फ्लवर एरिया को पुरै परिमाण नापी गरेकोमा स्टक्चर क्वान्टीटी नकटाएकोले निम्नानुसार वढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. १,२२,१८९/४८

| कामको विवरण | पढेको परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|
| Stone soling | ४.६६८ | ३३०० | १५४०४.४ | घट्नु पर्ने परिणम नघटेको |
| pcc 1:2:4 | ३.५०१ | १२२३१.५० | ४२८२२.४८ | |
| Slab | ६.१७ | १३८६१.५० | ८५५२५.४५ | स्लाव को साइज वढेको कारण नखुलाएको |
| **total** | | | **१४३७५२.३३** | |
| less uc 15 % | | | २१५६२.८५ | |
| **Grand Total** | | | **१२२१८९.४८** | |

२५. **स्टोन सोलिङमा वढी परिमाण देखाएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ (१)अनुसार निर्माण कामको प्राविधिक मुल्यांकन एवं यर्थाथ नाँपजाँचको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । निम्नानुसारको योजनामा गत वर्ष कार्य भई मुल्यांकन भएकोमा यसवर्ष थप कार्य गरेको देखाई भुक्तानी गरेको देखियो । विगतमा भएको कार्यको यर्थाथता यकिन गर्न नापी किताव पेश भएन । साथै दलित सामुदायिक भवनको स्टोन सोलिङ को कार्यमा वास्तविक कार्य भन्दा निम्नानुसार वढी परिमाण देखाएको छ । जसअनुसार निम्नानुसार वढी भूक्तानी भएको रकम असूल हुनु पर्ने रु. १,३५,२१९/२१

| योजनाको नाम | कायको विवरण | वढीपरिमाण( घ.मी.) | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| दलित सामुदायिक भवन | Stone masonery 1:6 | ५.७१ | २४६५० | १४०७५१.५० | वालको कार्यमा २.६ उचाई दिनु पर्नेमा ३.०३ दिएको |
| सामुदायिक भवन निर्माण | Dry stone wall | ६.११ | ३००० | १८३३० | |
| **जम्मा** | | | | **१५९०८१.५०** | |
| उ.स योगदान १५ प्रतिशत | | | | २३८६२.२२ | |
| **खुद जम्मा** | | | | **१३५२१९.२१** | |

२६. **कन्टिजेन्सी :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कन्टिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न योजनमा छुट्टाएको रकमको ५ प्रतिशतले हुने रकम अग्रमि रुपमानै छुट्टाई कन्टिजेन्सी खातामा आम्दानी वाँधि सोही खातावाट विभिन्न शिर्षकमा खर्च गर्ने गरेको देखियो ।यसरी योजनामा छुट्टाएको रकम वाट एक मुष्ट कन्टिजेन्सी वापत छुट्टाई सकेपछि । प्रतेक योजनाको रकम भुक्तानी दिंदाका वखत कट्टा गर्नु पर्नेमा सोवमोजिम नगरी विनियोजित वजेटमानै एकमुष्ट कट्टा गरेकोमा गैर निर्माण खर्च जस्तै प्रशासनिक खर्चकोसमेत कन्टिजेन्सी छुट्टाई खर्च गरेको देखिन आयो ।यसरी कन्टिजेन्सी कटाउन नपाउने शिर्षकमा समेत कन्टिजेन्सी कट्टा गरी खर्च लेखेको अनियमित देखिएको रु ४,९७,७८२/-

| वजेट शिर्षक | विनियोजन गरेको कन्टिजेन्सी पछिको रकम | ५ प्रतिशतले हुने रकम |
|---|---|---|
| सुशासन तथा संस्थागत | ३८,४८,४४४/- | २०२५४९ |
| वातावरण तथा विपद व्यवस्थापन | ५६,०९,४३९/- | २९५२३३ |
| **जम्मा :** | | **४,९७,७८२/-** |

| | | |
|---|---|---|
| २७. | **मुल्यांकन फरक पारेको:** २०७५।६।२३ सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । मष्टा गाउंपालिका घेरवार तथा वाथरुम निर्माणको लागि रु १४,०७,३९४।६४को लागत अनुमान तयार गरेको र सोही वमोजिम कार्यादेश दिए वमोजिम सोको उपभोक्ता समितिले काम सम्पन्न गरी सोको मुल्यांकन पेश गरेको आधारमा रु १४,००,०००।भुक्तानी दिएको देखिन्छ ।यस कार्यको लागत अनुमानमा १८५ मिटरBoundry Wallलगाउने गरी QuantityEstimateभएकोमा कामको मुल्यांकन हुंदा २०२ .५ घ.मी.Stone Sollingगरेको मुल्यांकन पेश भएकोले लागत अनुमान भन्दा फरक कामको मुल्याङ्कनको आधारमा भुक्तानी भएको अनियमित देखिएको रु. | १४,००,०००/- |
| २८. | **Quantity फरक परेको :**सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । निम्न योजनाहरुको मुल्यांकन हुंदा सोको नापी किताव अनुसार देहाय अनुसार मापन भएकोमा नापी किताबमा उल्लेखित परीमाण भन्दा वढी उल्लेख गरी विल वनाई भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम निम्नानुसार असुल हुनु पर्ने रु | १,५०,३९३/७ |

| गो.भौ.र मिति | योजनाको नाम | आईटम को नाम | नापि किताव अनुसार हुनु पर्ने | भुक्तानी दिएको परीमाण | वढी भुक्तानी दिएको परीमाण | दर रेट | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| ६।०७५।६।७ | लेकी खौला लेकी जिन्नाडा सडक | Medium Rock | ४८७.२२ घ.मी. | ८०२४७ घ.मी. | ३१५.२५घ .मी. | २९५.९८ | ९३३०७.७० |
| १०४/०७५/११/१४ | लेकीखेत कोट धुरील्ल तुति सडक | Medium Rock | ४०१७.५३ घ.मी. | ४२१०.५९ घ.मी. | १९३.०६घ. मी. | २९५.६९ | ५७०८६ |
| | जम्मा : | | | | | | १५०३९३.७ |

| | | |
|---|---|---|
| २९. | **कर विजक वेगर मु.अ.कर भुक्तानी :** मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मु.अ.कर कर विजक जारी गरेको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र भुक्तानी दिनु पर्ने देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको देखिन्छ ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुने P.C.C. Plaster,Reinforcement work लगायतमा प्रयोग हुने नर्म्स अनुसार प्रति घ.मी.कामको अनुपातमा खपत भएको सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समिति हरुले कर विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो । यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिंदैन । तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु | ६२,१०३/- |

| गो.भौ र मिति | उपभोक्ता समिति | कर विजक वेगरको सिमेन्टको मुल्य | कर विजक वेगरको रड र तारको मुल्य | असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम |
|---|---|---|---|---|
| १०२/०७५/११/१४ | बर्थिङ सेन्टर निर्माण | ३४३५० कर विजक नभएको | २४१९८२ | ४००६८ |
| ३०५/०७६/२/२९ | काल्सैन मन्दिर उ.स. | ५९५३५ | ०० | ८६३२ |
| १७९/०७५/१२/२६ | राजकुडा खाने पानी | २५७५० | | ३३४७ |
| २३८/०७६/१/२९ | घनघाट सिं.कुलो | २२२०० | | २८८६ |
| ३१०/०७६/२/२३ | सरस्वती मा.वि.खा.पा. | ३२८०२ | १६६५० | ७१७० |
| | **जम्मा** | | | **६२,१०३/-** |

३०. **उपभोक्तालाई वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कनटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार उपभेक्ताले व्यहोर्ने श्रमदान कटाई वांकी रकम मात्र भुक्तानी दिनु पर्नेमा निम्नानुसार कम श्रमदान कटाउंदा वढी भुक्तानी हुन गएको रकम असुल हुनु पर्ने — ३०,०५,१५०/-

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | कामको मुल्यांकन | उपभोक्ताको अंश | भुक्तानी दिनु पर्ने रकम | भुक्तानी दिएको रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| २/०७५/६.२३ | मष्टा गा.पा. घेरवार | १४,०७,३९४/६४ | १४०७४२३/०३ | १५ | ११९६३०९ | १४००००० | २०३६९१ |
| ९/०७५/६/२८ | मालडांडा वडे गाउं सडक | २३६२०४३ | २३६२०४३ | ५ | २२४३९४० | २२६५९८५ | २२०४५ |
| ५०/०७५/१०/१० | लाक्षी गाउं मोरा सेती नदि काठे पुल | ११९०२३९ | ११९०२०० | १० | १०७११८० | ११९०२०० | ११९०२० |
| ६१/०७५/१०/१३ | लाक्षी गाउं भाते खोला मष्टा भतेली सडक | १२१७१०० | १२१७१०० | १५ | १०३४५३५ | १२१७१०० | १८२५६५ |
| ६२/०७५/१०/१३ | लाक्षी गाउँ खार्तड सडक | १९५४३०५ | १५८५७६३ | ५ | १५०६४७४ | १५८५७६३ | ७९२८८ |
| ६४/०७५/१०/१३ | घचया – रनडांडा सडक | १०४७४३६ | १०४७४३६ | ५ | ९९५०६४ | १०४७४३६ | ५२३७२ |
| १०४/०७५/११/१४ | लेकी खेत धुरी सडक | २९८८४१४ | २९८८४१४ | ५ | २५४०१५१ | २९८८४१४ | ४४८२६३ |
| १३८/०७५/११/२२ | मालिका नि.मा.वि.फिल्ड निर्माण | ११७७१२ | ९९९९३ | १५ | ८४९९४ | १००००० | १५००६ |
| २०७/०७६/१/८ | तुखडा तडवन्ध | २३५४९१ | २३३५९५ | १५ | १९८५५५ | २००००० | १४४५ |
| २३१/०७६/१/२३ | माईतिवन नि.मा.वि. छाना मर्मत | ३४३३४१ | ३३८९०७ | १५ | २८८०७० | ३००००० | ११९९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३७/०७६/१/२५ | मालिका नि.मा.वि.भवन निर्माण | १०८९०८१ | १०६८२६४ | १५ | ९०८०२४ | ९२५००० | १६९७६ |
| ३०३/०७६/२/२७ | द्वारिकोनाथ भवन निर्माण | १०८७१६९ | ११०९०५३ | १५ | ९४२६९५ | १२०५०० | २६२३०५ |
| ३०९/०७६/२/३४ | घटलेदेव प्रा.वि. | ११९६८२६ | १०४०४६२ | १५ | ८८४३९२ | ८९९९९९ | १५६०७ |
| ३६८/०७६/३/१८ | तल्लो रिउ गाउँ ल.ज.वि. | ८३६६२० | ८३६६०८ | १५ | ७११११६ | ७१७००० | ५८८४ |
| ३७७/०७६/३/१९ | जानकी नि.मा.वि. चर्पी निर्माण | ७९१४६८ | ७९९०५० | १५ | ६७९१९२ | ७००००० | २०८०८ |
| ४०७/०७६/३/२३ | नौरा वर्थिड. सेन्टर | ६२५२४९४ | ६२४८३५१ | १५ | ५३११०९८ | ६३१२३९७ | १००१२९८ |
| ३८२/०७६/३/१९ | बडेतोला दलित सा.भवन | १३४७७२५ | १३५९७२४ | १५ | ११५५७६५ | ११६४८७४ | ९१०९ |
| ७/०७५/६/७ | डुंग्रि भवानी लेकी खोला वाटो | १८६१३६७ | १८६१३६७ | १५ | १५८२२६१ | १८६१३६० | २७९०९९ |
| १६/०७५/८/१७ | लेकी खोला मष्टा सडक | ५१६७५३३ | ५१६७५३३ | ५ | ४९०९१५६ | ५१६७५३३ | २५८३७६ |
| | **जम्मा** | | | | | | **३००५१५०** |

| | | |
|---|---|---|
